# भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७४ सालको ऐन नं. २८

## प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपालका प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा र सेवाको अन्य शर्त सम्बन्धी प्रचलित कानूनमा संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "न्यायाधीश" भन्नाले सर्वोच्च अदालतको न्यायाधीश सम्झनु पर्छ ।

(ख) "प्रधान न्यायाधीश" भन्नाले नेपालको प्रधान न्यायाधीश सम्झनु पर्छ र सो शब्दले कायम मुकायम प्रधान न्यायाधीशलाई समेत जनाउँछ ।

(ग) "सर्वोच्च अदालत" भन्नाले संविधानको धारा १२८ बमोजिमको सर्वोच्च अदालत सम्झनु पर्छ ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. पारिश्रमिक : (१) प्रधान न्यायाधीश र न्यायाधीशले अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक र भत्ता पाउनेमा सो समेत पाउने छन् ।

(२) प्रधान न्यायाधीश वा न्यायाधीशले संविधानको धारा १०१ को उपधारा (२) बमोजिमको अवस्थामा बाहेक अन्य जुनसुकै अवस्थामा पदबाट अवकाश पाएमा निजलाई एक महिनाको पारिश्रमिक बराबरको रकम थप सुविधाको रूपमा दिइनेछ ।

४. सञ्चय कोष : प्रधान न्यायाधीश र न्यायाधीशको मासिक पारिश्रमिकबाट दश प्रतिशतका दरले रकम कट्टा गरी त्यस्तो रकममा नेपाल सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरिदिनेछ ।

५. आवास सुविधा : (१) प्रधान न्यायाधीश र न्यायाधीशलाई आवासको निमित्त नेपाल सरकारबाट सरकारी घरको बन्दोबस्त गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको घरको मर्मत र सम्भार नेपाल सरकारबाट हुनेछ ।

(३) उपदफा (१) बमोजिम सरकारी घरको बन्दोबस्त नभएकोमा प्रधान न्यायाधीशलाई गार्डघर तथा निजी सचिवालयको व्यवस्था सहितको उपयुक्त घर भाडामा लिएर नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(४) काठमाडौं उपत्यकामा आफ्नो घर नहुने न्यायाधीशलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ ।

(५) उपदफा (१) वा (३) बमोजिम नेपाल सरकारबाट बन्दोबस्त भएको आवास तथा प्रधान न्यायाधीशको निजी सचिवालयको लागि उपयुक्त फर्निचरको व्यवस्था नेपाल सरकारबाट हुनेछ ।

(६) आफ्नो घरमा बस्ने न्यायाधीशलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम मर्मत र सम्भार बापत दिइनेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) भाडाको घरमा बस्ने न्यायाधीशलाई वर्षको एक पटक निजले खाईपाई आएको मासिक पारिश्रमिकको आधा रकम घर मर्मत र सम्भार बापत दिइनेछ ।

(८) यस दफा बमोजिम पाउने सुविधा प्रधान न्यायाधीश र न्यायाधीशलाई निजको पदावधि समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।

६. बिजुली, धारा र टेलिफोन सुविधा : (१) प्रधान न्यायाधीशको आवासमा जडान गरिएको बिजुली, धारा, इन्टरनेट र एक लाईन टेलिफोन जडान गर्न लाग्ने खर्च तथा त्यस्तो बिजुली, धारा, इन्टरनेट र टेलिफोनको महसुल नेपाल सरकारले व्यहोर्नेछ ।

(२) न्यायाधीशको आवासमा इन्टरनेट र एक लाईन टेलिफोन जडान गर्न लाग्ने खर्च नेपाल सरकारले व्यहोर्नेछ र त्यस्तो आवासमा जडान गरिएको बिजुली, धारा, टेलिफोन र इन्टरनेटको महसुल बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

(३) उपदफा (२) बमोजिम महसुल बापतको सुविधा आफ्नो घरमा बसोबास गर्ने न्यायाधीशले समेत पाउनेछ ।

७. सवारी तथा इन्धन सुविधा : (१) प्रधान न्यायाधीश र न्यायाधीशलाई सवारीको लागि सरकारी सवारी साधन एक र अनुसूची-१ मा उल्लेख भए बमोजिमको इन्धन तथा मोबिल उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सरकारी सवारी साधनको नियमित मर्मत, सम्भार तथा ग्रिजको बन्दोबस्त गरिनेछ ।

(३) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सवारी इन्धन र मोबिलको बिल भरपाई पेश गर्नु पर्ने छैन ।

(४) उपदफा (१) बमोजिम प्रधान न्यायाधीश र न्यायाधीशलाई उपलब्ध गराइएको सवारी साधन खरिद भएको मितिले बाह्र वर्षमा नबढ्ने गरी प्रधान न्यायाधीश र न्यायाधीश अवकाश नभएसम्म प्रयोग गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (१) बमोजिमको सुविधा प्रधान न्यायाधीश र न्यायाधीशलाई निजको कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।

(६) उपदफा (४) बमोजिम प्रधान न्यायाधीश र न्यायाधीशले प्रयोग गरिरहेको सवारी साधन त्यस्तो न्यायाधीश अवकाश हुँदा आफैले खरिद गरी लैजान चाहेमा सो सवारी साधनको किताबी मूल्य लिई निजलाई हस्तान्तरण गरिनेछ ।

(७) उपदफा (६) बमोजिम सवारी साधनको किताबी मूल्य कायम गर्दा त्यस्तो सवारी साधनको खरिद मूल्यको दश प्रतिशत भन्दा कम नहुने गरी गर्नु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम आफूले प्रयोग गरिरहेको सवारी साधन अवकाश हुँदा खरिद गरी लिन चाहने प्रधान न्यायाधीश र न्यायाधीशले अवकाश हुने मितिभन्दा कम्तीमा छ महिना अगावै त्यसको लिखित जानकारी सर्वोच्च अदालतलाई गराउनु पर्नेछ ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत प्रधान न्यायाधीश वा न्यायाधीशको अवकाश हुन छ महिना भन्दा कम अवधि भएमा अवकाश हुनु भन्दा अगावै त्यस्तो जानकारी गराउन बाधा पर्ने छैन ।

८. दैनिक तथा भ्रमण खर्च : (१) प्रधान न्यायाधीश वा न्यायाधीशले सरकारी कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्दा भ्रमण खर्च सम्बन्धी प्रचलित कानून बमोजिमको दैनिक तथा भ्रमण खर्च पाउनेछ ।

(२) प्रधान न्यायाधीश वा न्यायाधीशले कुनै विदेशी मुलुक, संयुक्त राष्ट्रसंघ वा त्यसको विशिष्टिकृत निकाय वा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को निमन्त्रणा वा नेपाल सरकारको निर्णय बमोजिम सरकारी कामको सिलसिलामा विदेशी मुलुकको भ्रमण गर्दा खाना र बस्नको व्यवस्था आफैले गर्नु पर्ने भएमा भ्रमण खर्च सम्बन्धी प्रचलित कानून बमोजिमको दैनिक तथा भ्रमण खर्च पाउनेछ ।

(३) प्रधान न्यायाधीश वा न्यायाधीशले कुनै विदेशी मुलुक वा संयुक्त राष्ट्रसंघ वा त्यसको विशिष्टीकृत निकाय वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को निमन्त्रणामा त्यस्तो मुलुक वा संस्थाको अतिथिको रूपमा भ्रमण गर्दा बस्ने व्यवस्था मात्र भएकोमा त्यस्ता मुलुकमा बसेको अवधिको लागि उपदफा (२) बमोजिम पाउने रकमको आधा रकम दैनिक तथा भ्रमण भत्ताको रूपमा पाउनेछ ।

(४) प्रधान न्यायाधीश वा न्यायाधीश उपदफा (२) वा (३) बमोजिम विदेश भ्रमणमा जाँदा आयोजक संस्था वा सम्बन्धित विदेशी मुलुकले खान बस्नको लागि व्यवस्था गर्ने गरी आतिथ्यता प्रदान गरेको र पाकेट खर्च नदिएको भएमा उपदफा (२) बमोजिम पाउने रकमको एक चौथाई रकम मात्र पाकेट खर्च बापत पाउनेछ ।

(५) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी मुलुकको भ्रमण गर्दा आयोजक संस्था वा सम्बन्धित विदेशी मुलुकले दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराएकोमा यस दफा बमोजिमको दैनिक तथा भ्रमण भत्ता वा पाकेट खर्च उपलब्ध गराईने छैन ।

(६) दुई वर्षमा एकपटक पनि विदेश भ्रमणको अवसर नपाएका प्रधान न्यायाधीश र न्यायाधीशलाई सर्वोच्च अदालतको सिफारिसमा नेपाल सरकारले न्याय प्रशासन सम्बन्धी प्रयोजनको लागि विदेश भ्रमणको लागि आवश्यक व्यवस्था मिलाउनेछ र यसको लागि लाग्ने खर्च नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वदेशी वा विदेशी गैर सरकारी संस्थाको निमन्त्रणामा प्रधान न्यायाधीश र न्यायाधीशले विदेश भ्रमण गर्ने छैनन् ।

९. लुगा भत्ता : प्रधान न्यायाधीश वा न्यायाधीशलाई प्रत्येक वर्षको चैत्र मसान्तमा अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम लुगा भत्ता बापत दिइनेछ ।

१०. नेता भत्ता : प्रधान न्यायाधीश र न्यायाधीशले नेपालको प्रतिनिधित्व गरी भ्रमण टोलीको नेताको रूपमा विदेशी मुलुकको भ्रमण गर्दा आफूले पाउने दैनिक भत्ताको पचास प्रतिशत थप नेता भत्ता बापत पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. सुरक्षा तथा सवारी चालकको व्यवस्था : (१) प्रधान न्यायाधीश र न्यायाधीशको सुरक्षाको निमित्त नेपाल सरकारले अनुसूची-२ मा उल्लेख भए बमोजिमको सुरक्षा कर्मचारीको व्यवस्था गर्नेछ ।

(२) प्रधान न्यायाधीश र न्यायाधीशको सवारी चलाउनको निमित्त नेपाल सरकारले अनुसूची-२ मा उल्लेख भए बमोजिमको सवारी चालकको व्यवस्था गर्नेछ ।

१२. भैपरी आउने खर्च : (१) प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो ओहदा सम्बन्धी काममा नेपालभित्र भ्रमण गर्दा वर्षको बढीमा दुई पटकसम्म प्रत्येक पटकको निमित्त अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम भैपरी आउने खर्चको रूपमा पाउनेछ ।

(२) प्रधान न्यायाधीश वा न्यायाधीशले कुनै विदेशी मुलुक, संयुक्त राष्ट्रसङ्घ वा त्यसको विशिष्टिकृत निकाय वा दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को निमन्त्रणा वा नेपाल सरकारको निर्णय बमोजिम अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन नेपाल बाहिर जाँदा नेपाल सरकारले निर्णय गरे बमोजिमको रकम भैपरी आउने खर्च पाउनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको खर्चको बिल भरपाई पेश गर्नु पर्ने छैन ।

१३. निजी सचिवालय र कर्मचारीको व्यवस्था : (१) प्रधान न्यायाधीशले आफ्नो कार्यकालभरका लागि निवासको निजी सचिवालयको निमित्त अनुसूची-२ मा उल्लेख भए बमोजिमको कर्मचारी सुविधा पाउनेछ ।

(२) प्रधान न्यायाधीशलाई निजको निजी सचिवालयको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको सामान उपलब्ध गराइनेछ र त्यसरी उपलब्ध गराइएका सामानहरू प्रधान न्यायाधीशले आफ्नो कार्यकाल समाप्त भएपछि एक हप्ताभित्र सर्वोच्च अदालतमा फिर्ता बुझाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) निजी सचिवालयको लागि मसलन्द तथा अतिथि सत्कारको निमित्त प्रधान न्यायाधीशलाई अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइनेछ ।

१४. सहयोगी भर्ना गर्न पाउने : न्यायाधीशले आफू पदमा बहाल रहेसम्म निवासको कामका लागि एक जना श्रेणीविहीन प्रथमस्तरको कार्यालय सहयोगी भर्ना गर्न पाउनेछ र निजको पारिश्रमिक नेपाल सरकारले व्यहोर्नेछ ।

१५. निवृत्तभरण र उपदान : (१) प्रधान न्यायाधीश वा न्यायाधीश पदमा नियुक्त भई सो पदबाट अवकाश प्राप्त गरेपछि निजले देहाय बमोजिमको निवृत्तभरण पाउनेछ :-

(क) प्रधान न्यायाधीश वा न्यायाधीशको पदमा वा सो दुवै पदमा गरी पाँच वर्ष वा सोभन्दा बढी सात वर्षभन्दा कम अवधि सेवा गर्ने प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो मासिक पारिश्रमिकको पचास प्रतिशत रकम र सात वर्ष वा सोभन्दा बढी अवधि सेवा गर्ने प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो मासिक पारिश्रमिकको छैंसट्ठी प्रतिशत रकम मासिक निवृत्तभरण ।

(ख) प्रधान न्यायाधीश वा न्यायाधीशको पदमा वा सो दुवै पदमा गरी सात वर्षभन्दा बढी सेवा गर्ने प्रधान न्यायाधीश वा न्यायाधीशलाई त्यसरी बढी सेवा गरेको प्रत्येक वर्षको लागि निजले अवकाश लिँदा खाईपाई आएको मासिक पारिश्रमिकको दुई प्रतिशतका दरले हुन आउने रकम खण्ड (क) बमोजिम हुन आउने मासिक निवृत्तभरणको रकममा थप गरी निवृत्तभरण दिइनेछ ।

तर प्रधान न्यायाधीश वा न्यायाधीशले पाउने मासिक निवृत्तभरणको रकम अवकाश लिँदाका अवस्थामा निजले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खाईपाई आएको मासिक पारिश्रमिकको असी प्रतिशतभन्दा बढी हुने छैन ।

(२) उच्च अदालत वा पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा बहाल रहेको वा बहाल गरिसकेको वा तत्कालीन क्षेत्रीय अदालतको मुख्य न्यायाधीश, न्यायाधीश वा अतिरिक्त न्यायाधीशको पदमा बहाल गरिसकेको वा नेपाल सरकारको सेवामा बहाल रहेको वा बहाल गरिसकेको व्यक्ति सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त भई सेवाबाट अवकाश पाएमा उपदफा (७) बमोजिम कायम हुने निजले त्यसरी अघि गरेको सेवा अवधि र सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश वा सो दुवै पदमा काम गरेको सेवा अवधि गणना गर्दा बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरेको रहेछ भने निजले उपदफा (१) को खण्ड (क) बमोजिमको मासिक निवृत्तभरण वा देहायको हिसाबले हुने मासिक निवृत्तभरणमध्ये कुनै एक रोज्न सक्नेछ :-

$$\frac{\text{जम्मा सेवा अवधि ह मासिक पारिश्रमिक}}{५०}$$

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "नेपाल सरकारको सेवामा बहाल रहेको वा बहाल गरिसकेको व्यक्ति" भन्नाले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्थाबाट निवृत्तभरण पाउन सक्ने कानून बमोजिम कुनै पदमा नियुक्त भई काम गरेको व्यक्तिलाई जनाउँछ ।

(३) प्रधान न्यायाधीश वा न्यायाधीश वा सो दुवै पदमा गरी पाँच वर्षको सेवा अवधि पूरा नहुँदै अवकाश प्राप्त प्रधान न्यायाधीश वा न्यायाधीशले आफूले काम गरेको जम्मा वर्षलाई निजले अवकाश प्राप्त गर्दा खाईपाई आएको डेढ महिनाको पारिश्रमिकको अङ्कले गुणन गर्दा हुन आउने अङ्क बराबरको एकमुष्ट रकम उपदान पाउनेछ ।

तर अन्य कुनै सेवाबाट अवकाश भई सरकारी कोषबाट निवृत्तभरण पाइरहेको व्यक्तिले प्रधान न्यायाधीश वा न्यायाधीश पदमा सेवा गरे बापत उपदान पाउने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) निवृत्तभरण पाइरहेको व्यक्ति प्रधान न्यायाधीश वा न्यायाधीश पदमा नियुक्त भई यस ऐन बमोजिम पनि निवृत्तभरण पाउन सक्ने भएमा निजले अघि पाइरहेको निवृत्तभरण र यस ऐन बमोजिम पाउने निवृत्तभरणमध्ये कुनै एक रोज्न सक्नेछ।

(५) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानको धारा १३१ को खण्ड (ग) र (ङ) बमोजिम पदमुक्त भएको प्रधान न्यायाधीश वा न्यायाधीशले यस ऐन बमोजिम निवृत्तभरण वा उपदान पाउने छैन।

(६) प्रधान न्यायाधीश वा न्यायाधीशको पारिश्रमिक वृद्धि हुँदा पारिश्रमिकको अङ्कमा जति प्रतिशतले वृद्धि भएको छ, निवृत्तभरण पाइरहेका प्रधान न्यायाधीश वा न्यायाधीशको पनि निजले खाईपाई आएको निवृत्तभरणको अङ्कमा सोको छैसट्ठी प्रतिशतका दरले वृद्धि गरिनेछ।

तर यसरी निवृत्तभरणको अङ्कमा वृद्धि गर्दा प्रधान न्यायाधीश वा न्यायाधीशले पाउने पारिश्रमिकको आधा रकमभन्दा कम हुने भएमा आधा रकम हुने गरी निवृत्तभरणमा वृद्धि गरिनेछ।

(७) उपदफा (१) र (२) बमोजिम निवृत्तभरण र उपदफा (३) बमोजिम उपदानको अवधि गणना गर्ने प्रयोजनको लागि प्रधान न्यायाधीश वा न्यायाधीश वा सो दुवै पदमा काम गरेको अवधिमा सर्वोच्च अदालतको अस्थायी वा अतिरिक्त न्यायाधीश पदमा वा उच्च अदालत वा तत्कालीन पुनरावेदन अदालत वा क्षेत्रीय अदालतको मुख्य न्यायाधीश, न्यायाधीश वा अतिरिक्त न्यायाधीशको पदमा काम गरेको अवधि पूरै र नेपाल सरकारको सेवामा काम गरेको कूल अवधिको आधा अवधि जोडी गणना गरिनेछ।

तर उपदान पाइसकेको कुनै व्यक्ति प्रधान न्यायाधीश वा न्यायाधीश पदमा नियुक्त भएमा निजले त्यसरी नियुक्त भएको एक वर्षभित्र आफूले अघि पाएको उपदानको पूरै रकम फिर्ता गरेमा मात्र निजले अघि गरेको सेवा अवधि यस उपदफा बमोजिम जोडिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. पारिवारिक निवृत्तभरण र उपदान : (१) देहायका अवस्थामा देहायका अवधिसम्मको लागि प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो परिवारका सदस्यहरूमध्ये इच्छाएको व्यक्तिलाई र त्यस्तो इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी नइच्छाएकोमा निजको परिवारका सदस्यहरूमध्ये नजिकको हकदारलाई दफा १५ बमोजिमको निवृत्तभरण दिइनेछ :-

(क) पदमा बहाल छँदै प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएमा मृत्यु भएदेखि सात वर्षसम्म,

(ख) दफा १५ बमोजिम निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सो सात वर्ष नपुगेको बाँकी अवधिसम्म ।

(२) पदमा बहाल छँदै प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएमा दफा १५ बमोजिम निवृत्तभरण पाउने नभई उपदानसम्म पाउने रहेछ भने सो उपदानको रकम निजको परिवारका सदस्यहरूमध्ये उपदफा (१) बमोजिमको व्यक्तिले पाउनेछ ।

(३) उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण पाउने अवधि भुक्तान भइसकेपछि प्रधान न्यायाधीश वा न्यायाधीशको विधवा पत्नी वा विधुर पतिले आफ्नो जीवनभर त्यस्तो निवृत्तभरणको आधा रकम लिन पाउनेछ ।

तर निवृत्तभरण पाइरहेको व्यक्तिले दोहोरो निवृत्तभरण पाउने छैन ।

१७. अशक्त वृत्ति : (१) पदीय कामको सिलसिलामा दुर्घटनामा परी अङ्गभङ्ग भई वा चोटपटकको कारण प्रधान न्यायाधीश वा न्यायाधीश आफ्नो पदको काम गर्नको लागि अशक्त भएमा त्यस्तो प्रधान न्यायाधीश वा न्यायाधीशले बाँचुन्जेलसम्म उपदफा (२) मा लेखिए बमोजिमको निवृत्तभरणको अतिरिक्त उपदफा (५) मा लेखिए बमोजिमको अशक्त वृत्ति समेत पाउनेछ ।

(२) उपदफा (१) बमोजिम अशक्त भएको प्रधान न्यायाधीश वा न्यायाधीशले दफा १५ बमोजिम निवृत्तभरण पाउन सक्ने सेवा अवधि पूरा गरेको भए सोही बमोजिम र पूरा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगरेको भए त्यस्तो अवधि पुऱ्याउन नपुग अवधिको निमित्त दामासाहीको हिसाबले कट्टी गरी बाँकी हुन आउने निवृत्तभरणको रकम पाउनेछ ।

तर त्यसरी कट्टी गर्दा निजले निवृत्तभरण पाउन सक्ने सेवा अवधि पूरा गरेमा पाउन सक्ने न्यूनतम निवृत्तभरणको तीन खण्डको एक खण्डभन्दा बढी कट्टी गरिने छैन ।

(३) उपदफा (१) बमोजिम अशक्त भएको प्रधान न्यायाधीश वा न्यायाधीशलाई अवस्था हेरी आर्थिक सहायता बापत दश हजार रुपैयाँसम्म एकमुष्ट रकम दिन सकिनेछ ।

(४) उपदफा (१) बमोजिम चोटपटक लागी उपचार गराउँदा लाग्ने उपचार खर्चको शतप्रतिशत रकम त्यस्तो प्रधान न्यायाधीश वा न्यायाधीशले पाउनेछ ।

(५) उपदफा (१) बमोजिम चोटपटक लागी अशक्त भएको प्रधान न्यायाधीश वा न्यायाधीशले उपदफा (२) बमोजिम पाउने निवृत्तभरणको अतिरिक्त निजले खाईपाई आएको मासिक पारिश्रमिकको बीस प्रतिशत बराबरको रकम अशक्त वृत्ति बापत पाउनेछ ।

तर अशक्त वृत्ति पाइरहेको प्रधान न्यायाधीश वा न्यायाधीशले आफ्नो कार्यभार सम्हाल्न सक्ने गरी सक्षम भएमा यो उपदफा बमोजिमको अशक्त वृत्ति पाउने छैन ।

(६) अशक्त वृत्ति पाइरहेको प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु त्यस्तो अशक्त वृत्ति पाउन थालेको मितिले सात वर्षभित्र भएमा सो सात वर्ष पूरा हुन बाँकी अवधि बापत पाउने अशक्त वृत्ति उपदानको रूपमा एकमुष्ट रकम दफा १६ को उपदफा (१) मा तोकिएको व्यक्तिलाई दिइनेछ ।

१८. अङ्गभङ्ग भए बापत पाउने सुविधा : (१) प्रधान न्यायाधीश वा न्यायाधीशलाई पदीय कामको सिलसिलामा चोटपटक लाग्न गई निजले सेवाबाट अवकाश लिनुपर्ने नभए तापनि सो चोटपटकको कारणबाट निजको क्षमतामा वाधा पर्ने भएमा त्यस्तो प्रधान न्यायाधीश वा न्यायाधीशलाई लागेको चोटपटकको गम्भीरतालाई विचार गरी दश हजार रुपैयाँसम्मको एकमुष्ट रकम आर्थिक सहायता दिन सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको चोटपटकको उपचार गराउन आवश्यक पर्ने अवधिभरको निमित्त प्रधान न्यायाधीश वा न्यायाधीशले कुनै पनि सञ्चित बिदाबाट बिदा कट्टा नहुने गरी पूरा तलब सहितको थप विरामी बिदा पाउनेछ ।

(३) उपदफा (२) बमोजिम उपचार गराउँदा लागेको उपचार खर्चको शतप्रतिशत रकम त्यस्तो प्रधान न्यायाधीश वा न्यायाधीशले पाउनेछ र यसरी उपचार गर्दा भएको खर्च दफा ३१ बमोजिम निजले पाउन सक्ने उपचार खर्चबाट कट्टि हुने छैन ।

(४) प्रधान न्यायाधीश वा न्यायाधीशले जानाजान आफ्नै गम्भीर लापरवाहीको कारण चोटपटक लगाई अङ्गभङ्ग भएकोमा यस ऐन बमोजिमको सुविधा पाउने छैन ।

१९. असाधारण पारिवारिक निवृत्तभरण तथा उपदान : (१) प्रधान न्यायाधीश वा न्यायाधीशको पदीय कामको सिलसिलामा दुर्घटनामा परी तत्काल मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधवा पत्नी वा विधुर पतिलाई देहाय बमोजिमको छुट्टै आजीवन मासिक पारिवारिक वृत्ति र त्यसमा थप देहाय बमोजिमको पटके उपदान समेत दिइनेछ :-

| | पारिवारिक वृत्तिको मासिक दर | पटके उपदान |
|---|---|---|
| (क) प्रधान न्यायाधीश | चार सय पचास रुपैयाँ | दश हजार रुपैयाँ |
| (ख) न्यायाधीश | तीन सय पचास रुपैयाँ | आठ हजार सात सय रुपैयाँ |

(२) उपदफा (१) बमोजिमको आजीवन मासिक पारिवारिक वृत्ति तथा थप उपदान दिने प्रयोजनको लागि प्रधान न्यायाधीश वा न्यायाधीशको विधवा पत्नी वा विधुर पतिलाई देहायको अवस्थामा मात्र मान्यता दिइनेछ :-

(क) प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु हुनुअघि निजसँग वैवाहिक सम्बन्ध कायम भइसकेको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएको समयमा निजसँग सगोलमा बसेको ।

(३) विधवा पत्नी नभएमा वा पतिको मृत्युअघि निजबाट छुट्टिसकेको भएमा वा विधवा पत्नीको पुनर्विवाह भइसकेकोमा विधवा पत्नीबाट जन्मेको सन्तानलाई उपदफा (१) मा तोकिए बमोजिमको पटके उपदान दामासाहीले एकमुष्ट दिन सकिनेछ ।

तर अठार वर्षभन्दा कम उमेरका सन्तान रहेछन् भने निजहरूको गुजाराको निमित्त नेपाल सरकारले मनासिब देखेको अवधिसम्मको लागि विधवा पत्नीले पाउने पारिवारिक वृत्तिको अङ्कको दुई तिहाईमा नबढ्ने गरी मनासिब दरले पारिवारिक वृत्ति पनि प्रदान गर्न सक्नेछ ।

(४) मृत प्रधान न्यायाधीश वा न्यायाधीशको विधवा पत्नी, विधुर पति वा सन्तान रहेनछन् र त्यस्तो प्रधान न्यायाधीश वा न्यायाधीशको आश्रित आमा, बाबु वा सासू, ससुरा दुवै वा दुईमध्ये एक रहेछन् भने निजहरूको गुजाराको निमित्त नेपाल सरकारले मनासिब देखेको अवधिसम्मको लागि विधवा पत्नी वा विधुर पतिले पाउने पारिवारिक वृत्तिको अङ्कको दुई तिहाईमा नबढ्ने गरी मनासिब दरले पारिवारिक वृत्ति प्रदान गर्न सक्नेछ ।

(५) मृत प्रधान न्यायाधीश वा न्यायाधीशको विधवा पत्नी, विधुर पति, सन्तान वा आमा बाबु वा सासू, ससुरा कुनै रहेनछन् र त्यस्तो प्रधान न्यायाधीश वा न्यायाधीशको आश्रित दाजुभाइ वा अविवाहिता दिदी बहिनीमध्ये कुनै रहेछन् भने निजहरूको गुजाराको निमित्त नेपाल सरकारले मनासिब देखेको अवधिसम्मको लागि दामासाहीले विधवा पत्नी वा विधुर पतिले पाउने पारिवारिक वृत्तिको अङ्कको दुई तिहाईमा नबढ्ने गरी मनासिब रकम पारिवारिक वृत्ति प्रदान गर्न सक्नेछ ।

२०. शैक्षिक भत्ता वा सन्तति वृत्ति : (१) प्रधान न्यायाधीश वा न्यायाधीशको पदीय कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु भएमा वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने भएमा त्यस्तो मृत वा अशक्त प्रधान न्यायाधीश वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

न्यायाधीशको प्रत्येक सन्ततिलाई अठार वर्षको उमेर नपुगुन्जेल नौ सय रुपैयाँका दरले वार्षिक शैक्षिक भत्ता दिइनेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "सन्तति" भन्नाले मृत्यु भएका वा अशक्त प्रधान न्यायाधीश वा न्यायाधीशको छोराछोरी सम्झनु पर्छ।

(२) पदीय कामको सिलसिलामा मृत्यु भएको प्रधान न्यायाधीश वा न्यायाधीशको आमा र बाबु दुवै जीवित नहुने प्रत्येक सन्ततिलाई उपदफा (१) बमोजिमको शैक्षिक भत्ताको अतिरिक्त मासिक पचहत्तर रुपैयाँका दरले सन्तति वृत्ति दिइनेछ।

(३) उपदफा (२) बमोजिमको वृत्ति सम्बन्धित सन्ततिले एक्काईस वर्ष उमेर पूरा गरेको वा सरकारी सेवामा प्रवेश गरेकोमा जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ।

(४) प्रधान न्यायाधीश वा न्यायाधीशको पदीय कामको सिलसिलामा मृत्यु भएमा वा निज आजीवन अशक्त भएमा निजले, निजको परिवार वा सन्ततिले पाउने वृत्ति वा उपदानको सम्बन्धमा न्यायपरिषद्ले नेपाल सरकारमा सिफारिस गर्नेछ।

२१. बिदा : प्रधान न्यायाधीश वा न्यायाधीशले देहाय बमोजिमका बिदा पाउनेछ :-

(क) भैपरी आउने बिदा,
(ख) पर्व बिदा,
(ग) घर बिदा,
(घ) बिरामी बिदा,
(ङ) प्रसूति बिदा,
(च) प्रसूति स्याहार बिदा,
(छ) किरिया बिदा,
(ज) विशेष बिदा।

२२. भैपरी र पर्व बिदा : (१) प्रधान न्यायाधीश वा न्यायाधीशले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा लिन पाउनेछ।

(२) एक वर्षको भैपरी र पर्व बिदा अर्को वर्षलाई सञ्चित गर्न पाइने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) भैपरी र पर्व बिदा आधा दिन समेत लिन पाइनेछ ।

२३. घर बिदा : (१) प्रधान न्यायाधीश वा न्यायाधीशले काम गरेको अवधिको एघार दिनको एक दिनको दरले पूरा पारिश्रमिक सहितको घर बिदा पाउनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "काम गरेको अवधि" भन्नाले भैपरी आउने बिदा र पर्व बिदामा बसेको दिन र सार्वजनिक बिदाको दिनलाई समेत जनाउनेछ ।

(२) उपदफा (१) बमोजिमको घर बिदा बढीमा एक सय पचास दिनसम्म सञ्चित गरी राख्न सकिनेछ ।

(३) एक सय बीस दिनभन्दा बढी घर बिदा सञ्चित हुने प्रधान न्यायाधीश वा न्यायाधीशले सो बढी घर बिदामध्ये प्रत्येक वर्षको चैत्र मसान्तसम्म सञ्चित रहेको घर बिदामध्ये बढीमा तीस दिनसम्मको घर बिदा बापत निजले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम सोही आर्थिक वर्षको अन्त्य सम्ममा एकमुष्ट लिन सक्नेछ ।

(४) जुनसुकै व्यहोराले न्यायाधीश सेवाबाट अलग भएमा पनि निजको उपदफा (२) बमोजिम सञ्चित रहेको घर बिदामध्ये बढीमा एक सय बीस दिनको घर बिदा बापत निजले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(५) प्रधान न्यायाधीश वा न्यायाधीशले घर बिदा बिदामा घर जाँदा र घर बिदा भुक्तान गरी घरबाट सर्वोच्च अदालतमा हाजिर हुन आउँदा वर्षको एक पटक पैदलको बाटोलाई आठ कोषको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ ।

(६) उपदफा (२) बमोजिम सञ्चित घर बिदा वा सो बापतको रकम लिन नपाउँदै प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएमा त्यस्तो रकम दफा १६ को उपदफा (१) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) यस दफा बमोजिम प्रधान न्यायाधीश वा न्यायाधीशले लिएको घर बिदाको अवधिमा कुनै सार्वजनिक बिदा पर्न आएमा त्यस्तो सार्वजनिक बिदा घर बिदामा जोडिने छैन ।

२४. विरामी बिदा : (१) प्रधान न्यायाधीश वा न्यायाधीशले प्रत्येक वर्ष पन्ध्र दिनका दरले पारिश्रमिक सहितको विरामी बिदा पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको विरामी बिदा सञ्चित गरी राख्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सञ्चित रहेको विरामी बिदा बापत प्रधान न्यायाधीश वा न्यायाधीशले सेवाबाट निवृत्त हुँदाका बखत आफूले खाईपाई आएको मासिक पारिश्रमिकले हिसाब गर्दा हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(४) प्रधान न्यायाधीश वा न्यायाधीशले कुनै ठूलो र कडा रोग लागी स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा विरामी बिदा बाँकी नभए पनि दुई महिनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप विरामी बिदा लिइसकेपछि एक पटकमा थप चार महिनासम्म र सेवाको अवधिभरमा जम्मा बाह्र महिनामा नबढ्ने गरी बिना पारिश्रमिकको विरामी बिदा पाउन सक्नेछ ।

तर त्यसरी पारिश्रमिक सहितको थप विरामी बिदा लिँदा प्रत्येक दुई दिन थप विरामी बिदा बापत एक दिनका दरले घर बिदा कट्टा हुनेछ ।

(५) सञ्चित विरामी बिदा वा सो बापतको रकम लिन नपाउँदै प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएमा त्यस्तो रकम दफा १६ को उपदफा (१) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

२५. प्रसूति बिदा : (१) प्रधान न्यायाधीश वा न्यायाधीश गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी अण्ठानब्बे दिन प्रसूति बिदा लिन पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रसूति बिदा लिएका प्रधान न्यायाधीश वा न्यायाधीशले चाहेमा कुनै पनि बिदाबाट कट्टा नहुने गरी थप छ महिनासम्म वेतलवी प्रसूति बिदा लिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको बिदा लगातार रूपमा लिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम वेतलवी बिदामा बसेको अवधि सेवा अवधिमा जोडिनेछ ।

(५) उपदफा (१) बमोजिमको प्रसूति बिदामा बस्दा प्रधान न्यायाधीश वा न्यायाधीशले पूरा पारिश्रमिक पाउनेछ ।

(६) प्रसूति बिदा लिएको अभिलेख सर्वोच्च अदालतले राखी त्यसको जानकारी न्याय परिषद्लाई गराउनु पर्नेछ ।

२६. प्रसूति स्याहार बिदा : (१) प्रधान न्यायाधीश वा न्यायाधीशको पत्नी सुत्केरी हुने भएमा त्यस्तो प्रधान न्यायाधीश वा न्यायाधीशले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ ।

(२) प्रसूति स्याहार बिदामा बस्ने प्रधान न्यायाधीश वा न्यायाधीशले पूरा तलब पाउनेछ ।

(३) प्रसूति स्याहार बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

(४) प्रसूति स्याहार बिदा लिएको प्रधान न्यायाधीश वा न्यायाधीशले बिदा लिएको मितिले तीन महिनाभित्रमा बच्चाको जन्मदर्ता प्रमाणपत्र सर्वोच्च अदालतमा पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र त्यस्तो प्रमाणपत्र पेश नगर्ने प्रधान न्यायाधीश वा न्यायाधीशले त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ ।

(६) प्रसूति स्याहार बिदाको अद्यावधिक अभिलेख सर्वोच्च अदालतले राखी त्यसको जानकारी न्याय परिषद्लाई गराउनु पर्नेछ ।

२७. किरिया बिदा : प्रधान न्यायाधीश वा न्यायाधीश आफैँले किरिया बस्नु परेमा कूलधर्म वा संस्कार अनुसार बढीमा पन्ध्र दिनको पारिश्रमिक सहितको किरिया बिदा पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. विशेष बिदा : (१) प्रधान न्यायाधीश वा न्यायाधीशले विशेष कारण परेमा देहाय बमोजिम विशेष बिदा पाउन सक्नेछ :-

(क) एक पटकमा एक महिनामा नबढाई, र

(ख) सेवाको अवधिभरमा जम्मा तीन महिनामा नबढाई ।

(२) उपदफा (१) बमोजिम विशेष बिदामा बसेको अवधिमा प्रधान न्यायाधीश वा न्यायाधीशले आधा पारिश्रमिक पाउनेछ ।

२९. अन्य सेवामा छँदाको सञ्चित बिदा : उच्च अदालतको न्यायाधीशको पदमा वा नेपाल सरकारको स्थायी सेवामा रहेको कुनै व्यक्ति प्रधान न्यायाधीश वा न्यायाधीशको पदमा नियुक्त भएमा निजले त्यस्तो पद वा सेवामा बहाल छँदा सञ्चित गरेको घर बिदा वा विरामी बिदा निजले यसै ऐन बमोजिम सञ्चित गरे सरह कायम गरिनेछ ।

३०. बिदाको स्वीकृति : (१) प्रधान न्यायाधीशले भैपरी आउने बिदा र पर्व बिदा आफै लिन सक्नेछ र अन्य बिदाको लागि राष्ट्रपतिको स्वीकृति लिनु पर्नेछ ।

(२) न्यायाधीशले सबै बिदा प्रधान न्यायाधीशबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) प्रधान न्यायाधीश र न्यायाधीशले उपदफा (१) वा (२) बमोजिम लिएको बिदाको अभिलेख सर्वोच्च अदालतले राख्नु पर्नेछ ।

३१. उपचार खर्च : (१) प्रधान न्यायाधीश वा न्यायाधीश विरामी भई चिकित्सकको प्रेस्क्रिप्सनमा रोगको निदान (डाइग्नोसीस) गरी उपचार गराउँदा लागेको देहायको खर्च निजले उपचार खर्च बापत पाउनेछ :-

(क) अस्पतालमा भर्ना हुँदा र अस्पतालमा उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्सन बमोजिम खरिद गरेको औषधि खर्च,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्थामा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको लागि कुनै चिकित्सक, कविराज वा वैद्यले जाँच गर्दा लिएको शुल्क तथा जाँच गरी लेखी दिएको प्रेस्क्रिप्सन अनुसार खरिद गरेको औषधि खर्च,

(ग) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च,

(घ) चस्मा, दाँत, एअरफोन आदि उपकरणको लागि नेपाल सरकारले समय समयमा आदेश जारी गरी तोकिदिएको हदसम्मको रकमको लागेको बिल बमोजिमको खर्च,

(ङ) काठमाडौं उपत्यका बाहिर वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको विरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्च बापत निजले पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा पाँच सय रुपैयाँ भन्दा घटी खर्च भएकोमा उपचार खर्च दिइने छैन र कुल सेवा अवधिभर प्रधान न्यायाधीश वा न्यायाधीशले पाउने बाह्र महिनाको पारिश्रमिकभन्दा बढी रकमको उपचार खर्च दिइने छैन ।

(३) नेपाल सरकारद्वारा गठन भएको मेडिकल बोर्डले प्रधान न्यायाधीश वा न्यायाधीशलाई स्वदेशमा उपचार गराउन सिफारिस गरेमा स्वदेशमा उपचार गराउनको लागि र स्वदेशमा उपचार हुन नसक्ने भई विदेशमा उपचार गराउन सिफारिस गरेमा विदेशमा उपचार गराउनको लागि निजलाई उपदफा (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त नेपाल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारले उपयुक्त ठहऱ्याएको रकम थप आर्थिक सहायता दिन सक्नेछ ।

(४) यस दफा बमोजिम पाउने उपचार खर्च लिन नपाउँदै प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएमा त्यस्तो रकम दफा १६ को उपदफा (१) बमोजिमको व्यक्तिले लिन पाउनेछ ।

(५) यस ऐन बमोजिम पाउने उपचार खर्च प्रधान न्यायाधीश वा न्यायाधीशले पेश्कीको रूपमा लिन चाहेमा उपदफा (२) को अधिनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ र त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भए जति रकम प्रधान न्यायाधीश वा न्यायाधीशको पारिश्रमिकबाट किस्ताबन्दीमा कट्टा गरिनेछ ।

तर त्यसरी कट्टा गर्नु पर्ने रकम भुक्तानी नहुँदै प्रधान न्यायाधीश वा न्यायाधीशको मृत्यु भएमा कट्टा गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

(६) प्रधान न्यायाधीश वा न्यायाधीशको सगोलको पति वा पत्नी, आमा, बाबु वा सासू, ससुरा वा नाबालिग छोरा, छोरी विरामी भएमा उपदफा (२) बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बिल बमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशत रकम प्रधान न्यायाधीश वा न्यायाधीशले लिन पाउनेछ ।

(७) उपदफा (६) बमोजिम उपचार खर्चको माग गर्दा रोगको निदान (डाइग्नोसिस) उल्लेख गरिएको चिकित्सकको प्रेस्क्रिप्शन पेश गर्नु पर्नेछ ।

(८) प्रधान न्यायाधीश वा न्यायाधीशको सगोलको पति वा पत्नी, आमा, बाबु वा सासू, ससुरा वा नाबालिग छोरा, छोरी विरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम लागेको औषधि उपचारको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्चको नब्बे प्रतिशत रकम उपदफा (२) बमोजिम प्रधान न्यायाधीश वा न्यायाधीशले पाउने रकममध्येबाट पाउनेछ ।

(९) उपदफा (६) र (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधान न्यायाधीश वा न्यायाधीशको सगोलको पति वा पत्नी, आमा वा बाबु वा सासू वा ससुरा कुनै संवैधानिक पदमा वा सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रण भएको संस्थाको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो व्यक्तिले उपचार खर्च पाउने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "संवैधानिक पद" भन्नाले संवैधानिक निकायको प्रमुख वा पदाधिकारीको पद सम्झनु पर्छ ।

(१०) प्रधान न्यायाधीश वा न्यायाधीशले अवकाश प्राप्त गर्दा उपदफा (२) बमोजिम कुल सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भए जति एकमुष्ट रकम प्रधान न्यायाधीश वा न्यायाधीशले अवकाश प्राप्त गरेपछि लिन पाउनेछ ।

(११) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संवैधानिक पदमा, उच्च अदालत वा पुनरावेदन अदालतको न्यायाधीश पदमा वा सरकारी सेवा गरे बापत उपचार खर्च लिइसकेको प्रधान न्यायाधीश वा न्यायाधीशले अघि पाएको उपचार खर्च कट्टा गरी बाँकी रकम मात्र पाउनेछ ।

(१२) यस दफा बमोजिम उपचार खर्च माग गर्ने प्रधान न्यायाधीश वा न्यायाधीशले अदालतमा उपस्थित हुन नसक्ने गरी विरामी भएको अवस्थामा विरामी बिदा बाँकी भएसम्म विरामी बिदा नै माग गर्नु पर्नेछ ।

तर विरामी बिदा बाँकी नभएमा अरू बिदा माग गर्न वाधा पर्ने छैन ।

(१३) यस दफा बमोजिम प्रधान न्यायाधीश वा न्यायाधीशले पाएको उपचार खर्चको विवरण प्रधान न्यायाधीश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा सम्बन्धित न्यायाधीशको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा जनाई राख्नु पर्नेछ ।

३२. चाडपर्व खर्च : (१) प्रधान न्यायाधीश र न्यायाधीशले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम प्रधान न्यायाधीश र न्यायाधीशले एक आर्थिक वर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

३३. कायम मुकायम प्रधान न्यायाधीशको सुविधा : कायम मुकायम प्रधान न्यायाधीशले प्रधान न्यायाधीशको पारिश्रमिक र सुविधा पाउनेछ ।

तर कायम मुकायम प्रधान न्यायाधीशले यो ऐन बमोजिम प्रधान न्यायाधीशले पाउने निवृत्तभरण र पारिवारिक निवृत्तभरण पाउने छैन ।

३४. थप सुविधा : (१) भैपरी आउने बिदा, पर्व बिदा र विरामी बिदा बाहेक अन्य कुनै पनि बिदा नलिई तीन वर्ष बिताइसकेको प्रधान न्यायाधीश वा न्यायाधीशले आफूले पकाएको घर बिदामा आफ्नो घर जाँदा र घरबाट फर्कदा यो ऐन बमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।

तर प्रधान न्यायाधीश वा न्यायाधीशका परिवारका सदस्यले यस उपदफा बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउने छैन ।

(२) प्रधान न्यायाधीश वा न्यायाधीशको पदमा बहाल छँदै मृत्यु भएकोमा लिन बाँकी तलब तथा उपदफा (१) बमोजिमको रकम निवृत्तभरण वा उपदान पाउने निजको परिवारको सदस्यले पाउनेछ ।

३५. पारिश्रमिक तथा सुविधामा पुनरावलोकन : नेपाल सरकारले सर्वोच्च अदालतसँग परामर्श गरी प्रत्येक तीन वर्षमा प्रधान न्यायाधीश र न्यायाधीशको पारिश्रमिकमा पुनरावलोकन गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६. अनुसूचीमा हेरफेर : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

३७. खारेजी र बचाउ : (१) सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ खारेज गरिएको छ ।

(२) सर्वोच्च अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०२६ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(दफा ३ को उपदफा (१), दफा ५ को उपदफा (४) र (६), दफा ६ को उपदफा (२), दफा ७ को उपदफा (१), दफा ९, दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

प्रधान न्यायाधीश तथा न्यायाधीशको पारिश्रमिक तथा अन्य सुविधा

| क्र.सं. | सुविधाको प्रकार | ईकाई दर | प्रधान न्यायाधीश | न्यायाधीश |
|---|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ७३,६८०।- | ६०,९७०।- |
| २ | विशेष भत्ता | प्रति महिना रु. | १,०००।- | १,०००।- |
| ३ | आवास सुविधा | प्रति महिना रु. | आवासको व्यवस्था नेपाल सरकारले गर्ने | २५,६०८।- |
| ४ | आफ्नो घरमा बस्ने न्यायाधीशलाई घर मर्मत र सम्भार सुविधा | प्रति महिना रु. | - | १२,३०४।- |
| ५ | विजुली, धारा, टेलिफोन | प्रति महिना रु. | बिल बमोजिमको रकम | २,४००।- |
| ६ | सवारी इन्धन | प्रति महिना लिटर | २५० | १५० |
| ७ | मोविल | त्रैमासिक लिटर | १० | ५ |
| ८ | लुगा भत्ता | प्रति वर्ष रु. | १०,०००।- | १०,०००।- |
| ९ | भैपरी आउने खर्च | वर्षमा बढीमा दुई पटक रु. | १,०००।- | १,०००।- |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-२
(दफा ११ र १३ सँग सम्बन्धित)
**निवासको निजी सचिवालय तथा सुरक्षा सम्बन्धमा प्रधान न्यायाधीश तथा न्यायाधीशलाई दिइने सुविधा**

| क्र.स. | सुविधाको किसिम | ईकाई दर | प्रधान न्यायाधीश | न्यायाधीश |
|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प.द्वि.) उपसचिव | जना | १ | - |
| २. | स्वकीय सचिव (रा.प.तृ.) शाखा अधिकृत | जना | १ | - |
| ३. | कम्प्यूटर अप्रेटर (रा.प.अ.प्र.) नायव सुब्बा | जना | १ | - |
| ४. | हलुका सवारी चालक (रा.प.अ.द्वि) | जना | २ | १ |
| ५. | कार्यालय सहयोगी | जना | २ | - |
| ६. | लेजर प्रिन्टर सहितको कम्प्यूटर | गोटा | १ | - |
| ७. | मोटर साईकल | गोटा | १ | - |
| ८. | अतिथि सत्कार र मसलन्द | प्रति महिना | ३,०००।- | - |
| ९. | अंगरक्षक, पदिक | जना | १ | १ |
| १०. | विल्लादार गार्ड | जना | १ | - |
| ११. | सैनिक जवान (सिपाही) | जना | १० | - |

प्रमाणीकरण मिति : २०७४।६।२९

आज्ञाले
कमलशाली घिमिरे
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।